**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २८ गते बिहीबार ❑ 11 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भारतको कलकतासम्म पर्यटन प्रवर्द्धन गर्न जाने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

पोखरा तथा गण्डकी प्रदेशको पर्यटनलाई भारतीय बजारमा थप प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने उद्देश्यसहित भारतको कोलकाता (कोलकाता) सम्म "पोखरा-नेपाल पर्यटन प्रवर्द्धन अभियान तथा बी टु बी सेल्स मिसन" सञ्चालन हुने भएको छ। कार्यक्रमका लागि २२ सदस्यीय टोली भोलि (बिहीबार) पोखराबाट भारत प्रस्थान गर्ने भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यही जेठ २८ देखि असार १ गतेसम्म भारतको पश्चिम बंगाल राज्यअन्तर्गत कलकतामा अभियान सञ्चालन गर्न लागिएको नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले बताउनु भयो। टोली पोखराबाट वीरगञ्ज हुँदै पटना पुगेर त्यहाँबाट रेलमार्फत कोलकाता जाने कार्यक्रम रहेको छ। नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालको नेतृत्वमा हुने अभियानको संयोजन प्रथम उपाध्यक्ष सङ्गीता पौडेल तथा सह-संयोजन द्वितीय उपाध्यक्ष राजेश पहारीले गर्नु हुने भएको हो। कलकत्तामा एक सयभन्दा बढी ट्राभल एजेन्ट, टुर अपरेटर, पर्यटन व्यवसायी, पत्रकार, सामाजिक सञ्जालका प्रभावकारी व्यक्तित्व तथा पर्यटनसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधिसँग प्रत्यक्ष व्यावसायिक भेटघाट बी टु बी हुने भएको अध्यक्ष दाहालले जनाउनु भयो। अभियानमा पोखरा, गण्डकी प्रदेश र नेपालको पर्यटन सम्भावना, धार्मिक तथा साहसिक पर्यटन, प्राकृतिक सम्पदा, होटल तथा पर्यटन सेवासम्बन्धी वृत्तचित्र प्रदर्शन, प्रस्तुतीकरण तथा प्रचार सामग्री वितरण गरिने जनाइएको छ। साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनका विषयमा भारतीय पर्यटन व्यवसायी तथा सरोकारवालासँग छलफल गरिनेछ। अध्यक्ष दाहालले भारतीय बजार नेपालका लागि सबैभन्दा महत्वपूर्ण स्रोत बजारमध्ये एक भएकाले पर्यटन आगमन बढाउन प्रत्यक्ष बजार प्रवर्द्धन आवश्यक रहेको जनाउनु भयो। विगतमा पटना, वाराणसी, अयोध्या, गोरखपुर र सिलिगुडीमा सञ्चालन गरिएका यस्तै अभियानपछि भारतीय पर्यटक आगमनमा सकारात्मक प्रभाव परेको उहाँको दाबी छ। कार्यक्रम संयोजक सङ्गीता पौडेलले कोलकातालाई पूर्वी भारतको महत्वपूर्ण पर्यटन तथा व्यावसायिक केन्द्रका रूपमा लिइएको बताउँदै यस अभियानले पोखरा र नेपालको पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यस वर्ष चीन केन्द्रित पर्यटन प्रवर्द्धन कार्यक्रमहरूमा समेत बजेट खर्च भएकाले आर्थिक स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहे पनि पर्यटन बोर्डले प्रचार-प्रसार तथा प्रवर्द्धनात्मक सामग्रीमा सहयोग गरेको बताउनु भयो। आफुहरुले भारत केन्द्रित केही कार्यक्रम गर्ने खोजेको उहाँले जनाउनु भयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले हालैका विभिन्न परिस्थितिका बाबजुद अपेक्षाभन्दा बढी भारतीय पर्यटक नेपाल आएको उल्लेख गर्दै भारतीय बजारमा निरन्तर प्रचार आवश्यक रहेको बताउनु भयो। पोखराबाट दुबईमा सुरु भएको सिधा उडानले अन्तर्ष्ट्रिय बजारमा उत्साह थपेको भन्दै दुबईसहित अन्य गन्तव्यमा पनि प्रवर्द्धन बजेट व्यवस्थापन गर्नुपर्ने धारणा राख्नु भयो।

नाट्टाका पूर्व अध्यक्ष बासुदेव त्रिपाठीले पोखरा अन्तर्ष्ट्रिय विमानस्थललाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्न सबै पक्षले पहल गर्नुपर्ने बताउनु भयो। उहाँले विशेष गरी भारतका विभिन्न शहरसँग सिधा हवाई सम्पर्क विस्तार गर्न आवश्यक रहेकोमा जोड दिनुभयो।

सरकारी निकायबाट अपेक्षित स्तरको सहयोग नपाएको गुनासो गर्दै पर्यटन क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण आधार भएकाले प्रवर्द्धनात्मक गतिविधिमा राज्यको थप सहयोग आवश्यक रहेको महासचिव चेत बहादुर कार्कीले बताउनु भयो।

नाट्टा गण्डकीका अनुसार अभियानबाट भारतीय पर्यटन व्यवसायीसँग प्रत्यक्ष व्यापारिक सम्बन्ध विस्तार हुनुका साथै पोखरा, गण्डकी प्रदेश र नेपालको पर्यटन बजार विस्तारमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ। टोली असार १ गते पोखरा फर्किने कार्यक्रम रहेको छ।

## पोखरामा सुकुमवासी परिवारको जीवन बिमा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

पोखरा महानगरपालिका-१२ ले वडाभित्रका सुकुमवासी तथा न्यून कमाइ भएकाका लागि म्यादी जीवन बिमा कार्यक्रम सुरु गरेको छ।

आर्थिक अभावका कारण बिमा सेवाको पहुँचबाट टाढा रहेका सुकुमवासी तथा विपन्न परिवारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यसहित वडाले लिवर्टी माइक्रो इन्स्योरेन्स कम्पनीमा ४४ परिवारको निःशुल्क जीवन बिमा गरिदिएको हो। दैनिक जीविकोपार्जनमै सङ्घर्ष गरिरहेका परिवारलाई आकस्मिक दुर्घटना, बिरामी वा मृत्युजस्ता जोखिमबाट हुने आर्थिक क्षति कम गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ। विशेषगरी वडाभित्र अस्थायी रूपमा बसोबास गर्ने सुकुमवासी तथा न्यून आय भएका परिवारलाई लक्षित गरी बिमा सुविधा उपलब्ध गराइएको हो।

वडाध्यक्ष सन्तोष बास्तोलाले सामाजिक सुरक्षाको पहुँच सबै नागरिकसम्म पुर्‍याउने अभियानअन्तर्गत उक्त कार्यक्रम ल्याइएको बताउनुभयो। "दुर्घटना वा अन्य अप्रत्यासित घटनाले विपन्न परिवारलाई झन् ठूलो समस्यामा पार्ने गर्दछ। त्यस्ता परिवारलाई न्यूनतम आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले जीवन बिमा कार्यक्रम सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो। म्यादी जीवन बिमा कार्यक्रमअन्तर्गत प्रतिव्यक्ति वार्षिक रु २५० बिमा शुल्कमा रु एक लाखसम्म उपचार सुविधा र बीमित व्यक्तिको मृत्यु भएमा परिवारले रु एक लाख ५० हजारसम्म राहत रकम प्राप्त गर्ने व्यवस्था गरिएको छ। वडा कार्यालयले यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा रु ५० हजार बजेट विनियोजन गरेको थियो। न्यून शुल्कमा उपलब्ध हुने यो सुविधाले आर्थिक रूपमा कमजोर परिवारलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको वडा सदस्य शान्ति कोइरालाले बताउनुभयो। वडाले बिमा कार्यक्रमसँगै लक्षित समुदायलाई जीवन बिमाको आवश्यकता, प्रक्रिया र लाभबारे सचेतना कार्यक्रमसमेत सञ्चालन गरेको छ। सहभागीलाई बिमाले आकस्मिक जोखिम व्यवस्थापन, परिवारको भविष्य सुरक्षा तथा आर्थिक स्थायित्व कायम गर्न सहयोग पुर्‍याउने विषयमा जानकारी दिइएको थियो। बिमा सेवाबाट वञ्चित समुदायलाई सुरक्षाकवच प्रदान गर्ने भएकाले अन्य वडालाई यस्ता कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्ने विश्वास गरिएको वडाध्यक्ष बास्तोला बताउनुहुन्छ।

## 'बर्डफ्लु' पुष्टि भएपछि ३८ हजार कुखुरा नष्ट

**रासस**
चितवन, २७ जेठ

चितवनमा बर्डफ्लु (एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान) सङ्क्रमण देखिएपछि ३८ हजार २०० लेयर्स कुखुरा नष्ट गरिएको छ। खैरहनी नगरपालिका-१ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि नियन्त्रणका लागि दानासहित कुखुरा नष्ट गरिएको हो।

पशु सेवा कार्यालय चितवनका अनुसार यही जेठ २३ गते कुखुरामा बर्डफ्लु सङ्क्रमण भएको पुष्टि भएपछि जेठ २४ गतेदेखि कुखुरा नष्ट गर्न सुरु गरिएको कार्यालय प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार लगातार तीनदिनसम्म कुखुरा नष्ट गरेपछि मङ्गलबार फार्म पूर्ण रुपमा सरसफाइ गरी सिल गरिएको हो। यस्तै सो फार्मबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा-दुबई हवाई उडानका लागि फ्लाई दुबईले पायो अनुमति

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ

फ्लाई दुबईले पोखरा-दुबई रुटमा सिधा उडान सेवा सुरु गर्ने भएको छ। आगामी सेप्टेम्बर २३ देखि दुबई-पोखरा-दुबई दैनिक उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले बताउनुभयो।

"फ्लाइ दुबईको पोखरा-दुबई उडान तालिका सोमबार स्वीकृत भइसकेको छ", उहाँले भन्नुभयो, "आगामी सेप्टेम्बर २३ देखि पोखरा-दुबई दैनिक उडान सेवा सुरु हुन्छ।" फ्लाई दुबईको टोलीले केही दिनअघि पोखरा अन्तरराष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो। सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको हो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फ्लाई दुबईले उडान अनुमति पाएसँगै नेपालको तेस्रो अन्तरराष्ट्रिय हवाई प्रवेशद्वारका रूपमा रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गर्ने दिशामा महत्वपूर्ण प्रगति भएको बताउनुभयो।

"यो केवल एउटा हवाई सेवा थपिने विषय मात्र होइन, यो पोखराको अन्तरराष्ट्रिय पहिचान, पर्यटन प्रवर्द्धन, आर्थिक गतिविधिको विस्तार र काठमाडौँ केन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने ऐतिहासिक अवसर पनि हो", उहाँले भन्नुभयो, "दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापित भएपछि मध्यपूर्व, युरोप, अफ्रिकालगायत ३०० भन्दा बढी सहरसँग पोखराको पहुँच पुग्नेछ।" हालसम्म छिमेकी केही देशमा ' चार्टर' उडानबाहेक पोखराबाट नियमित अन्तरराष्ट्रिय उडान हुन सकेको छैन। झण्डै रु २२ अर्ब ऋणमा बनेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल आन्तरिक उडानमा मात्र सीमित छ। सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन भएको थियो। सन् २०२५ मार्चमा निजी वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरु गरे पनि त्यो लामो समय टिक्न सकेन। गत मार्च २३ बाट हिमालय एयरलाइन्सले पोखरा-ल्हासा उडान सेवा बन्द गरेको थियो। पोखरामा अन्तरराष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन। पर्यटकीय राजधानीसमेत रहेको पोखरा अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडिएर ठूलो सङ्ख्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी पनि विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानको पर्खाइमा छन्। यस विमानस्थल बनेपछि पोखराको पर्यटनमा झण्डै रु एक खर्ब बराबरको लगानी थपिएको पर्यटन व्यवसायी बताउँछन्।

व्यवसायीहरूले पोखराबाट अन्तरराष्ट्रिय उडान गर्न आवश्यक नीतिनियममा सहजीकरण गर्नुपर्ने, भारत र चीनका मुख्य सहरमा उडान गर्न राष्ट्रियस्तरका हवाई कम्पनीहरूलाई अनुमति दिनुपर्नेलगायत माग राख्दै आएका छन्। स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौँ, भरतपुर, भैरहवालगायत गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन्।

## प्रधानमन्त्रीको अभिव्यक्ति 'क्रस बोर्डर अकुपेसन' सँग सम्बन्धित रहेको परराष्ट्रमन्त्री प्रष्टोक्ति


**रासस**
काठमाडौं, २७ जेठ

परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १७ गतेको संसद् बैठकमा नेपाल-भारत सीमा सम्बन्धमा राख्नुभएको विषय 'क्रस बोर्डर अकुपेसन' सँग सम्बन्धित रहेको स्पष्ट पार्नुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुखसँग समय लिएर सोसम्बन्धमा स्पष्ट पार्दै उहाँले नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावनाअनुरूप ऐतिहासिक सन्धि सम्झौता र नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट सीमासम्बन्धी विषय समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

सदियौँदेखि खुला सीमामा रहेका नेपाल-भारतका कतिपय सीमा क्षेत्रका दशजगा वरपर 'क्रस होल्डिङ'को अवस्था रहेको तथा आन्तरिक सहमतिका रूपमा रहेपनि नेपाल र भारततर्फका स्थानीयले वारिपारि खेतीपाती गर्दै आएको अवस्थाको जानकारी गराउँदै यस विषयमा पनि प्रधानमन्त्रीले उल्लेख गर्न खोज्नुभएको परराष्ट्रमन्त्री खनालले स्पष्ट पार्नुभयो। प्रधानमन्त्रीले नेपालको सीमासम्बन्धी विषयमा जवाफ दिने क्रममा नेपालको सिमाङ्कन सन् १८१६ को सुगौली सन्धिसँग प्रत्यक्ष सम्बन्धित भएकाले मित्र राष्ट्र संयुक्त अधिराज्यको नाम उल्लेख गर्नुभएको परराष्ट्रमन्त्रीले स्पष्ट पार्नुभयो। "यसमा तेस्रो पक्षको मध्यस्थता हामीले खोजेको होइनौँ", परराष्ट्रमन्त्रीले भन्नुभयो, "तत्कालीन अवस्थाको थप सन्दर्भसामग्री केही भएती स्वभाविक रूपमा समस्या समाधानमा सहयोगी हुन सक्ने भएकाले आवश्यक परेमा त्यसको उपयोग गर्ने विपषतर्फ प्रधानमन्त्रीले इङ्गीत गर्नुभएको हो।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अनुसन्धानमूलक लेख लेखन तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ




नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा भएको अनुसन्धानमूलक लेख लेखन तालिमको समापन भएको छ।

पोखरामा महानगरपालिकाको सहयोगमा आइतबारदेखि सुरु भएको तालिम बुधबार समापन भएको हो। समापन कार्यक्रममा प्रमुख प्रशिक्षक त्रिभुवन विश्व विद्यालय पत्रकारिता विभागका प्रमुख डा. कुन्दन अर्यालले पत्रकारिता क्षेत्रको बौद्धिक विकास र अनुसन्धानमा जोड दिनुपर्ने बताए। उनले पत्रकारितालाई केवल तालिमको विषय मात्र नबनाई यसलाई गम्भीर प्राज्ञिक अध्ययन र अनुसन्धानको क्षेत्रका रूपमा अगाडि बढाउनु पर्नेमा जोड दिए।

आफ्नो डेढ दशक लामो अनुभव स्मरण गर्दै डा. अर्यालले नेपालमा 'मानव सञ्चार' का विज्ञहरूको अभाव रहेको औंल्याए। उनले विश्वविद्यालयहरूमा यो विषयको विज्ञता बढाउन आवश्यक रहेको बताउँदै नयाँ पुस्तालाई विद्यावारिधि जस्ता उच्च शैक्षिक योग्यता हासिल गर्न र प्राज्ञिक क्षेत्रमा समर्पित हुन प्रोत्साहन गरे। आधुनिक प्रविधिको सन्दर्भ जोड्दै उनले आर्टिफिसियल इन्टेलिजेन्सलाई पत्रकारिता शिक्षा र शिक्षण पद्धतिमा कसरी प्रयोग गर्ने भन्ने विषयमा बहस चलाउनुपर्ने बताए। 'प्रविधिबाट भागेर वा यसलाई निषेध गरेर सम्भव छैन, बरु यसलाई सही ढङ्गले कसरी प्रयोग गर्ने भन्ने सिक्नुपर्छ,' उनले भने। पोखराको समृद्ध बौद्धिक परम्पराको प्रशंसा गर्दै उनले यहाँका कलेज र विद्यार्थीहरूलाई अनुसन्धानमा सक्रिय हुन आग्रह गरे।

तालिममा सहभागी पत्रकार फडिन्द्र अधिकारी र सुश्मा नेपालीले अनुसन्धानमूलक लेख लेखन तालिममा पहिलो पटक सहभागि भएपनि तालिम निकै फलदायी भएको बताएका थिए। तालिममा सिकेको सिप र ज्ञानलाई आगामी दिनमा प्रयोगमा ल्याउने उनीहरुले प्रतिवद्धता जनाए।

कार्यक्रममा महासंघ कास्कीका अध्यक्ष माधव बरालले पत्रकारिता क्षेत्रलाई थप व्यावसायिक र परिष्कृत बनाउन यो तालिम महत्वपूर्ण हुने बताए। पछिल्लो वर्षमा महासंघले विभिन्न तालिमहरु सञ्चालन गरे पनि यो पटकको कार्यक्रम नितान्त फरक र विशेष रहेको उनको भनाइ थियो।

तालिममा त्रिभुवन विश्व विद्यालय पत्रकारिता विभागका प्रमुख डा. कुन्दन अर्याल, त्रिभुवन विश्व विद्यालय पत्रकारिता विभागका डा. श्रीराम पौडेल, त्रिभुवन विश्वविद्यालयका सह-प्रध्यापक डा. कपिल अधिकारी र पृथ्वीनारयण क्याम्पस, पोखरा, मानवशास्त्र विभागका प्राध्यापक अमृतकुमार भण्डारीले प्रशिक्षण दिएका थिए। तालिममा पोखराका ६० जना पत्रकारहरुको सहभागिता रहेको थियो।




हिमालय आँखा अस्पतालमा बिरामीको भीड :
पोखरा महानगरपालिका-१७ घारीपाटनस्थित हिमालय आँखा अस्पतालमा बुधबार देखिएको बिरामीको भीड। आँखाका बिरामीको संख्यामा वृद्धि भएसँगै अस्पतालमा चाप बढेको हो। तस्बिर : हरिप्रसाद बास्तोला/रासस

# बेगनासताल खुल्ला डुंगा दौड प्रतिगोगिताको उपाधी फेवालाई

पोखरापत्र संवाददाता
पोखरा, २७ जेठ



बेगनासताल डुंगा व्यवसायी समितिको आयोजनामा बुधबार आयोजित छैटौं संस्करणको खुला डुंगा दौड प्रतियोगिताको उपाधि फेवा डुंगा व्यवसायी संगठनले हात पारेको छ।

प्रतियोगिताको महिला र पुरुषतर्फको दुवै प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो स्थानमा जित हासिल गर्दै फेवाले उपाधी कब्जा गरेको हो।

महिला तर्फ एक हजार मिटरको दुरीमा भएको प्रतिष्पर्धामा २० मिनेट १६ सेकेण्डमा निर्धारीत दुरी पार गर्दै फेवा डुंगा ब्यवसायि समितिको सन्तमाया जलारीको टिमले प्रथम स्थान हासिल गऱ्यो भने फेवाकै उषा गुरुङको समुहले २० मिनेट ४९सेकेण्डमा उक्त दुरी पार गर्दै दोस्रो स्थान र दिलसुभा गुरुङको समुहले २१ मिनेट १७ सेकेण्डमा सोही दुरी पार गर्दै तृतिय स्थान हासिल गरेको हो। नानुमाया जलारीको समुहले २१ मिनेट ४१ मिनेटमा उक्त दुरी पार गरि सान्त्वना स्थानमा ठाउँ बनाएको छ।

यस्तै पुरुष तर्फको १५ सय मिटर दुरीको दौडमा फेवा डुंगा ब्यसायी संगठनका चन्द माफ्नीको समुहले २४ मिनेटमा उत्त दुरी पार गरि प्रथम स्थान हासिल गरेको छ भने फेवाकै सुदर्शन मगरको समुहले २५ मिनेट ४६ सेकेण्डमा उत्त दुरी पार गरि द्धितिय, दिपक मगरको समुहले २६ मिनेट १४ सेकेण्डमा सो दुरी पार गरि तृतिय स्थान हासिल गरेको छ।

पुरुषतर्फको सान्त्वना पुरस्कार भने २६ मिनेट ४३ सेकेण्डमा उक्त दुरी पार गर्दै राजु जलारीको समुहले हात पारेको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको प्रवर्द्धनमा भएको डुंगा दौड प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथम हुन सफल टिमले १५ हजार, द्वितीयले १० हजार, तृतीयले ५ हजार तथा सान्त्वनाले ३ हजार सहित मेडल र प्रमाणपत्र प्राप्त गरे।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बेगनासतालबारे प्रचारप्रसार गर्ने, तालमा हुन सक्ने भवितव्य घटनाबारे सचेतनामूलक जानकारी दिने, बेगनासतालको महत्व बुझाउन तथा खेलको माध्यमबाट आन्तरिक पर्यटक भित्र्याउँदै यहाँको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गरिएको प्रतियोगितामा पुरुष तर्फ २६ र महिला तर्फ नौ टिमले सहभागीता जनाएका थिए। यस अघि प्रतियोगिताको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं. ३१ का वडाध्यक्ष ढकनाथ कँडेलले यस किसिमका प्रतियोगिताले यस क्षेत्रको पर्यटन प्रर्बद्धनमा सकारात्मक भुमिका खेल्ने विश्वास व्यक्त गरे।

उनले स्थानिय क्षेत्रमा देखीने गरेको खुट्टा तान्ने प्रवृति प्रति असन्तुष्टि व्यक्त गर्दै यस क्षेत्रको विकासका लागी स्थानिय संघ संस्था एवं व्यवसायीहरु एकतावद्ध भएर अगाडि वढ्नुपर्ने वताएका थिए। बेगनासतालमा मोटरबोट सञ्चालन गर्ने विषयमा आफुले सहयोग नपाएकोमा दुखः व्यक्त गर्दै वडाध्यक्ष कँडेलले आफुहरु १ अरब बराबरको परियोजना बेगनासतालमा ल्याउने विषयमा पनि सकारात्मक रहेको र स्थानीयको श्रम र लगानीमा ल्याईसकिएको मोटरबोटको पनि उपयुक्त व्यवस्थापन हुनुपर्ने वताएका थिए।

यस्तै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले प्राकृतिक सुन्दरताले भरिपुर्ण एवं शान्त स्थानमा रहेको बेगनासताल क्षेत्रमा पर्यटकहरुको आगमन बढाउने विषयमा पोखरा क्षेत्रका र लेखनाथ क्षेत्रका पर्यटन व्यवसायीहरु एकआपसमा छलफल र अर्न्तक्रियाको माध्यमबाट पर्यटकहरुको आदान प्रदान गर्न सकने र यसको लागी आवश्यक परेको खण्डमा सहजीहरण गर्न आफुहरु तत्पर रहेको वताएका थिए। उनले पोखरालाई चितवन र लुम्बिनिसँग जोडेर पर्यटकको बसाई कसरि लम्ब्याउन सकिन्छ भन्ने विषयमा अवधारण तयार भएको वताएका थिए।

उक्त अवसरमा नेपाल उद्योग वाणिज्य संघका केन्द्रिय सदस्य छत्रघर आत्रेयले डुंगा दौड प्रतियोगिता यस क्षेत्रको पर्यटकिय विकासमा कोसेढुंगा सावित हुन सकोस भन्ने कामना गर्दै यस क्षेत्रको समग्र विकासको लागी विभिन्न संघ संस्था रहेका नेतृत्वको व्यवहार सामाजिक हुनुपर्ने, आपसमा मनमुटाव राख्न नहुने, पर्यटक किन भित्राउन सकिएको छैन भन्ने विषयमा चिन्तनशिल हुनुपर्नेमा जोड दिएका थिए।

संस्थाका अध्यक्ष नवराज बाँस्तोलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली अधिकारी, बेगनासताल धार्मिक तथा पर्यटन बिकास संस्थाका अध्यक्ष मित्रलाल भण्डारी, होटल तथा रेष्टुरेण्ट एसोसिएसनका अध्यक्ष सुरेश लामिछाने, सामाजिक व्यक्तित्व राममणी अधिकारी लगायतले बोलेका थिए भने स्वागत निवर्तमान अध्यक्ष रबिराज कँडेलले र कार्यक्रमको सञ्चालन कृष्ण ढुंगानाले गरेका थिए।

# 'जहाँ तीन विद्यार्थीका कारण विद्यालय छ'

पोखरापत्र संवाददाता
म्याग्दी, २७ जेठ



यहाँको अन्नपूर्ण गाउँपालिका-४ भालेबासमा रहेको धवलागिरि आधारभूत विद्यालयमा विद्यार्थी र शिक्षक-कर्मचारीको सङ्ख्या बराबर रहेको छ।

कक्षा ३ सम्मको पठनपाठन हुने उक्त विद्यालयको कक्षा १ र २ मा विद्यार्थी सङ्ख्या शून्य छ। विसं २०४० मा स्थापना भएको यस विद्यालयको बालकक्षामा एक जना र कक्षा ३ मा दुई जना विद्यार्थी छन्। यहाँ शिक्षक–कर्मचारीको सङ्ख्या पनि तीन नै रहेको छ। स्थायी दरबन्दीका शिक्षक शान्ति राम्जाली प्रधानाध्यापक, बालशिक्षा सहजकर्ता शिखा बोहोरा क्षेत्री र सुर्जना रोका सहयोगी हुनुहुन्छ। यहाँ रहेका विद्यार्थीमध्ये जेसिका खड्का यसपालि बालकक्षामा भर्ना हुनुभएको हो भने नेलसन रोका र श्रीसा खड्का कक्षा २ उत्तीर्ण भएर कक्षा ३ मा भर्ना हुनुभएको हो।

प्रधानाध्यापक राम्जालीले बसाइँसराइ बढ्दै र जन्मदर घट्दै गएकाले त्यसको असर विद्यालयमा देखिएको बताउनुभयो। "विद्यालयको सेवा क्षेत्रमा पर्ने भालेबासमा १५ र कोप्चेपानीमा १० घरपरिवारको बसोबास छ", उहाँले भन्नुभयो, "विसं २०७२ सम्म १५-२० जनासम्म विद्यार्थी थिए। नयाँ बच्चा जन्मने दर घटेको र बसाइँसराइ गरेर अन्यत्र जाने दर बढेकाले यस्तो समस्या भएको हो।" यसअघि विसं २०७५ मा कोप्चेपानीमा रहेको विद्यालय भवन कालीगण्डकीमा आएको बाढीले बगाएपछि भालेबासमा स्थानान्तरण गरिएको थियो। सुविधायुक्त भवन, शौचालय र बालमैत्री कक्षा भए पनि विद्यार्थी सङ्ख्या न्यून हुँदा विद्यालय सुनसान छ। विद्यार्थी सङ्ख्या कम भएकाले गत वर्ष गाउँपालिकाले एक जना शिक्षकको दरबन्दी कटौती गरेको थियो।

स्थानीयवासी तुलाराम बुढाले बसाइँसराइकै कारण गाउँ रित्तिँदै गएकाले विद्यार्थी सङ्ख्या पनि कम हुँदै गएको बताउनुभयो। "भालेबास र कोप्चेपानीको छिमेकी गाउँ गाडपार र काभ्रेमा पुग्न बालबालिकाहरूलाई करिब एक घण्टा पैदल हिँड्नुपर्छ", उहाँले भन्नुभयो, "गाउँमा भएका विद्यार्थीलाई शिक्षाको अधिकारबाट वञ्चित हुन नदिन सङ्ख्या कम भए पनि विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ।" अन्नपूर्ण गाउँपालिकाअन्तर्गत रहेका ठाडा, किन्दु, स्वाँत, घराप, चित्रेका आधारभूत विद्यालयमा पनि विद्यार्थी सङ्ख्या न्यून छ। भौगोलिक विकटता र छरिएका बस्तीहरूमा भएका विद्यालयमा विद्यार्थी सङ्ख्या कम भएपछि कक्षा घटुवा, दरबन्दी व्यवस्थापन गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

## 'बर्डफ्लु' ...

एक हजार ४०५ पेटी अण्डा, १२ टन दानासमेत नष्ट गरिएको प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो।

"पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा नमूना पठाएका थियौं। त्यहाँबाट एभियन इन्फ्लुएन्जा एच फाइभ एन वान देखिएपछि हामीले तीन दिन लगाएर कुखुरा, अण्डा र दाना नष्ट गरेका हौं", उहाँले भन्नुभयो। प्रमुख डा न्यौपानेका अनुसार अन्य स्थानमा नमूना सङ्कलन गर्ने कामसमेत भइरहेको छ। यसअघि चैत १२ गते भरतपुर महानगरपालिका-४ स्थित एक व्यावसायिक कुखुरा फार्ममा सङ्क्रमण पुष्टि भएपछि १७ हजार ८७० लेयर्स कुखुरा र नजिकैको अर्को फार्मबाट ९३५ स्थानीय कुखुरा नष्ट गरिएको थियो। नेपालमा कुखुराजन्य क्षेत्रमारु ७० अर्बभन्दा बढी लगानी छ।

# टिपर दुर्घटनामा एक जनाको मृत्यु, एक घाइते

पोखरापत्र संवाददाता
स्याङ्जा, २७ जेठ

स्याङ्जाको चापाकोट-४ पुम्दीमा बुधबार साँझ टिपर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी म्याग्दीको मालिका गाउँपालिका-५ का २३ वर्षीय तिलक परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक रमेशदत्त अवस्थीले जानकारी दिनुभयो।

सोही टिपरमा रहेका म्याग्दीकै मालिका-५ का १८ वर्षीय करन परियार घाइते हुनुभएको छ।

सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

◆ सडक, पार्क, विद्यालय, अस्पताल जस्ता संरचनामा तोडफोड नगरौं,
◆ सार्वजनिक स्थलमा सरसफाइ गरौं र फोहोर नगरौं,
◆ विद्युत, पानी तथा अन्य स्रोतको बचत गरौं,
◆ सरकारी सामग्रीको दुरुपयोग र हिनामिना हुन नदिऔं,
◆ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
◆ अनधिकृत अतिक्रमण र अतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,

सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।
– थोमस फुलर

## सम्पादकीय

# रास्वपा पार्टी नबन्दै भाँडभैलो

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको पहिलो महाधिवेशन आगामी असार ७, ८ र ९ गते चितवनमा हुँदै छ। 'जेठ ७ देखि १५ गतेसम्म ७७ जिल्ला तथा ७ प्रदेशमा निर्वाचन समिति गठन, जेठ १० गतेसम्म परिपत्रसहित प्रतिनिधि पठाउने, जेठ २० गतेसम्म स्थानीय तथा जिल्ला अधिवेशनको प्रतिवेदन संकलन, जेठ ३० गतेसम्म निर्वाचन प्रतिवेदन केन्द्रमा पेश गर्ने कार्यतालिका रहेको छ। जेठ २२ गतेभित्र देशभरका वडा र पालिकाको अधिवेशन सकिनुपर्नेमा ६ हजार ७ सय ४३ वटा वडामध्ये ४ हजार २ सय ४६ वडा, ५ सय १२ पालिकाको मात्रै अधिवेशन सकियो। बाँकी वडा र पालिकामा विवादका कारण अधिवेशन हुन सकेन । विवादित केही स्थानमा पार्टीको केन्द्रीय महाधिवेशनपछि अधिवेशन गरिने निर्वाचन आयोगको भनाइ छ।

आयोगका अनुसार जेठ २३ र २४ गते देशभरका अधिवेशन गरिसक्नु पर्ने हो । दुइ दिनमा ६८ जिल्लाको अधिवेशनको तयारी रहेकोमा ५६ जिल्लाको मात्र सम्पन्न भएको छ। बाँकी जिल्लामा विवादका कारण अधिवेशन हुन नसकेकाले ती जिल्ला अधिवेशनमा केन्द्रीय महाधिवेशनपछि गरिने निर्वाचन प्रमुख केसीले जानकारी गराएका छन । जेठ २६ गतेदेखि प्रदेश अधिवेशन सुरु भएका छन। बागमती प्रदेशको अधिवेशन शुरु भएर भाँडभैलो पछि स्थगित गरिएको छाप्रदेशमा चुनावी प्रतिस्पर्धा छ। तर विचार र कार्यक्रममा कुनै बहस छैन। प्रदेश अधिवेशनमा जिल्ला जत्तिकै रौनक छैन । सरकारको काम गर्ने शैलीको कारण पनि महाधिवेशनले तान्न सकेको छैन।पार्टीका सिमित समूहमा मात्र छोएको छ।

"पार्टीको शुरूआतमा संगठन बनाएकाहरु पछाडि परेका छन। निःस्वार्थ रूपमा पार्टीको हितमा काम गरेकाहरु पाखा लाग्ने अवस्थामा पुगेका छन। बाराका रास्वपा नेतालाई नै पाखा लगाइएको छ । अन्य जिल्लामा पनि केन्द्रले तलको आवाज नसुन्ने गरेको गुनासो छ । जिल्लाका कार्यकर्तालाई केन्द्रीय समितिले सुनेन भने रवि दाइले पनि हामीलाई सुनेन भन्ने धेरै छन। जस्लाई बढी विश्वास गरेको हो उसैले नसुन्दा पलायन हुने खतरा रहन्छ।जुन पुराना एमाले र नेकपा, काङ्ग्रेसमा देखिएको छ। संघीयता र गणतन्त्रप्रति अस्पष्ट रास्वपाका लागि यो महाधिवेशन सिद्धान्तमा स्पष्ट हुने अवसर पनि हो । महाधिवेशनपछि रास्वपाको भावी कार्यदिशा बुझ्न सकिने विश्लेषकहरू बताउँछन् । 'पुराना दल' हरूलाई गाली गर्दै लोकप्रियतावादको भऱ्याङ चढेर सत्ताको शिखरमा पुग्न सफल रास्वपाले महाधिवेशनपछि के नीति लिन्छ त्यसको आधारमा पार्टी बन्ने नबन्ने स्पष्ट हुनेछ।

चार वर्षअघि स्थापना भएको रास्वपा प्रथम महाधिवेशनमा जुटिरहँदा पार्टीको नीतिगत छलफलभन्दा पनि पद हत्याउने होडबाजी चुलिएको देखिन्छ। 'पुराना' दलभन्दा उनीहरू संस्कारमा भिन्न हुन सकेनन्। गत माघमा रवि लामिछाने र बालेन्द्र शाहबीच सहमति भएर चुनावमा जाने तयारी भइरहँदा कुलमान घिसिङलाई पनि रास्वपामै मिलाइयो। तर, रवि र बालेन्द्रसित कुलमान दुई हप्ता पनि सँगै बस्न सकेनन् । पदीय बाँडफाँट नमिल्दा घिसिङ रास्वपाबाट अलग्गिएर उज्यालो नेपाल पार्टी खोलेर निर्वाचनमा होमिए । विवादको यिनै शृंखलाबीच चुनाव सम्पन्न भयो । रास्वपा ठूलो दल बनेसँगै स्थापनाकालको रास्वपा र बालेन्द्रसँग एकता भयपछिका नेता तथा कार्यकर्ताबीच भित्रभित्रै विवाद चुलिंदै गएको पाइन्छ।

बालेन्द्र शाह सरकार हाँकिरहेका छन् भने रवि लामिछाने पार्टी चलाइरहेका छन्। तर, पछिल्लो समय यी दुईबीच सत्ता सञ्चालनको तालमेल बिग्रिन थालेको छ। त्यसको एक उदाहरण हो, उपसभामुख चयन। प्रतिनिधिसभाको उपसभामुख कुन दललाई दिने भन्ने विषयमा सभापति लामिछाने र प्रधानमन्त्री शाहबीच राय बाझियो। सभापति लामिछाने राप्रपाको पक्षमा थिए भने प्रधानमन्त्री शाह श्रम संस्कृति पार्टीको पक्षमा उभिए । अन्ततः श्रम संस्कृति पार्टीकी रुवीकुमारी ठाकुर उपसभामुख बनिन्। अर्को उदाहरण हो, भारत भ्रमण। सरकार फेरिएपछि प्रायः प्रधानमन्त्रीलाई छिमेकी राष्ट्र भारतले भ्रमणको निम्तो दिने गर्छ । यसपालि पनि प्रधानमन्त्री भएपछि बालेन्द्र शाह भारत भ्रमणमा जाने कुरा सतहमा आएको थियो। तर, भारतले भने शाहलाई बोलाएन।

रास्वपा सभापति लामिछानेलाई दिल्लीको उखरमाउलो गर्मीमा रेड कार्पेट बिच्छ्यायो। अर्को उदाहरण हो, मानवअधिकार आयोगको प्रतिवेदन। गत भदौ २३ र २४ गतेको जेन-जी प्रदर्शन र विध्वंसबारे राष्ट्रिय मानवअधिकार आयोगको अध्ययन प्रतिवेदनमा १७ जना रास्वपाका सांसदको नाम जोडिएको छ । केहीबाहेक सबै सांसद रास्वपाका पुरानै नेता छन् । विशेष गरी रवि र उनका समूहका छन् । तर, प्रधानमन्त्री शाह समूहका कसैको पनि नाम जोडिएको छैन । यो रोग पार्टीका अधिवेशनमा देखिएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# तीन सय ५० सेवाग्राहीको घरमै राहदानी

**पोखरापत्र संवाददाता**
दमौली, २७ जेठ

सरकारी सेवालाई नागरिकको घरदैलोमै पुर्याउने अभियानअन्तर्गत नेपाल सरकारले सञ्चालन गरेको घरमै राहदानी वितरण सेवा तनहुँमा प्रभावकारी बन्दै गएको छ।

नेपाल सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत सरकारी कागजात नागरिकको घरमै पुर्याउने लक्ष्यअनुसार तनहुँमा सुरु गरिएको उक्त सेवाबाट हालसम्म ३५० जना सेवाग्राही लाभान्वित भएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो।

सरकार मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको बुँदा नम्बर २७ मा सरकारी सेवालाई घरदैलोमै पुऱ्याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गरी 'गभर्नमेन्ट कुरियर सर्भिस'को रूपमा विकास गर्ने तथा राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्रलगायत सरकारी कागजात घरमै पुर्याउने व्यवस्था लागू गर्ने उल्लेख छ । सोही नीतिअनुसार जिल्ला प्रशासन कार्यालय तनहुँले हुलाक कार्यालयमार्फत गत वैशाख ४ गतेदेखि राहदानी वितरण सेवा घरदैलोमै पुर्याउने कार्यक्रम सुरु गरेको हो । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालय तनहुँबीचको सहकार्यमा सञ्चालन भइरहेको उक्त सेवाअन्तर्गत जिल्ला प्रशासन कार्यालयबाट राहदानी तयार भएपछि जिल्ला हुलाक कार्यालयले त्यसलाई सेवाग्राहीको घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्याउने व्यवस्था मिलाइएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले बताउनुभयो।

रेग्मीले नागरिकलाई सहज, छिटो र झन्झटरहित सेवा प्रदान गर्ने उद्देश्यले घरमै राहदानी वितरण कार्यक्रम सुरु गरिएको र प्रभावकारी बन्दै गएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "राहदानी लिनका लागि सेवाग्राहीले फेरि जिल्ला प्रशासन कार्यालयसम्म आउनुपर्ने बाध्यता हटेको छ। हुलाक कार्यालयमार्फत राहदानी सिधै घर वा सेवाग्राहीले तोकेको स्थानमा पुर्याउने व्यवस्था गरिएकाले समय, श्रम र यातायात खर्चको बचत भएको छ।" रेग्मीका अनुसार सेवा सुरु भएको छोटो अवधिमै नागरिकबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । विशेषगरी ज्येष्ठ नागरिक, महिला, विद्यार्थी, वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका नागरिक तथा दुर्गम क्षेत्रका सेवाग्राहीलाई यस सेवाले ठूलो राहत दिएको उहाँले बताउनुभयो । "सरकारी सेवा नागरिकमैत्री र प्रविधिमैत्री बनाउन सरकार लागिपरेको छ । नागरिकलाई सेवा लिन कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सेवा नै नागरिकसम्म पुर्याउने अवधारणाअनुसार यो कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो । रेग्मीका अनुसार व्यास नगरपालिकामा सबैभन्दा बढी ९५ जना सेवाग्राहीले घरमै राहदानी प्राप्त गरेका छन् । त्यसैगरी भानु नगरपालिकामा ७३, शुक्लागण्डकी नगरपालिकामा ६८, भिमाद नगरपालिकामा ३८, घिरिङ गाउँपालिकामा २९, आँबुखैरेनी गाउँपालिकामा २६, म्याग्दे गाउँपालिकामा १७ तथा बन्दीपुर गाउँपालिकामा चार जनाले उक्त सेवा प्राप्त गरेका छन्। आगामी दिनमा राहदानी मात्र नभई अन्य सरकारी कागजातको वितरणलाई थप व्यवस्थित र प्रभावकारी बनाउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले घरमै राहदानी वितरण सेवाले नागरिकको समय बचत गर्नुका साथै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो।

# बर्डफ्लुका कारण साढे पाँच लाख कुखुरा नष्ट

**रासस**
काठमाडौं, २७ जेठ

पछिल्ला केही हप्तायतादेखि बर्डफ्लु सङ्क्रमणका कारण कुखुरा र अण्डा नष्ट गर्ने क्रम बढेको छ।

हालसम्म पाँच लाख ५३ हजार ७५० कुखुरा नष्ट गरिएका छन् । यस क्रममा पीडित किसानलाई राहत रकम उपलब्ध गराउने निर्णय गरिएको छ । रोग नियन्त्रणमा खटिएको पशुसेवा विभागको टोलीले दिएको जानकारीअनुसार प्रभावित १० जिल्लामा ७२ फार्मका लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा नष्ट गरिएका छन् । सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली'ले कुखुरासँगै १० लाख ९०० अण्डा र दुई लाख पाँच हजार किलो कुखुराको दाना पनि नष्ट गरेको पशुसेवा विभागका वरिष्ठ पशुचिकित्सक डा नवराज श्रेष्ठले जानकारी दिनुभयो।

# तीन दशकदेखि पानी घट्टमै जीवन धान्दै श्रेष्ठ

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ जेठ



बडिगाड गाउँपालिका-९ दर्लिङका तेजनारायण श्रेष्ठले पानी घट्ट चलाउन थालेको तीस वर्ष भयो। पानी घट्टमा अन्न पिस्दै तीन दशकअघि सुरु गरेको व्यवसाय अहिले पनि उस्तै छ । गाउँलाई प्रविधि र आधुनिकताले छोए पनि श्रेष्ठको पानी घट्टको काम पनि उसैगरी चलेको छ।

कुटानी-पिसानी मिलले समेत प्रतिस्थापन गर्न नसकेको घट्ट ग्रामीण क्षेत्रका लागि अन्न पिस्नका लागि सहज माध्यम बनेको छ। दैनिक जीवनयापनका लागि परम्परागत पानी घट्ट सञ्चालन गरिरहेका श्रेष्ठ पानी घट्टलाई मुख्य पेसा बनाएको बताउनुभयो। श्रेष्ठले घट्टमा अन्न पिसेबापत अन्न भए एक पाथी बराबर पाँच मुठी र पैसा भए एक पाथी पिसेको रु दश लिँदै आउनुभएको छ।

"तीस वर्षअघि आफैँले स्थापना गरेको पानीघट्ट अझै चलाउँदैछु, घर खर्च र आफूलाई पुग्ने अन्न घट्टबाटै आउँछ, पहिला खरले छाएको थियो, अहिले जस्ताले छाएको छ, मकैका लागि छुट्टै र गहुँ र कोदोका लागि छुट्टै घट्ट छ", श्रेष्ठले भन्नुभयो। उमेर ढल्किँदै गए पनि परम्परागत पेसालाई निरन्तरता दिइरहेको श्रेष्ठको भनाइ छ।

आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको वर्तमान समयमा पनि ग्रामीण भेगमा अझै पानी घट्ट जस्ता पुराना प्रविधिहरू जीवनयापनको आधार बनेको पाइन्छ। पानीलाई पाइप वा काठको ढुङ्ग्रोबाट खसालेर पानीको गतिले घट्टको जाँतो घुमाएर अन्न पिस्ने कार्यलाई पानी घट्टका रूपमा लिइने गरेको छ।

# वृद्ध किसानका दुःख सातामा सातैदिन बाँदरको चौकीदारी

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ जेठ

बागलुङको जैमिनी नगरपालिका- १, कुश्मीसेरा सिरुबारीका ७९ वर्षीय लक्ष्मीदत्त पाध्याको दैनिकी बाँदरको चौकीदारीमा बित्ने गरेको छ।

सिरुबारीको गैराबारी खेतमा उहाँको करिब सातमुरी मकै फल्ने जमिन छ। उक्त जमिनमा लगाएको मकै जोगाउन उहाँ बाँदरको चौकीदारी गर्नुहुन्छ। बाँदरले मकै मात्र होइन, अन्य बाली पनि नष्ट गर्ने गरेको छ । बाँदरको आतङ्कले खेतबारीमा लगाएको मकै जोगाउन उहाँ चार वर्षदेखि नियमित रूपमा बाँदरको चौकीदारी गर्दै आउनुभएको छ। उहाँ हरेक बिहान ५:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सडक छेउको छाप्रोमा कुकुर र गुलेलीसहित चौकीदारी गर्नुहुन्छ।

"बाँदर आयो भने मलाइँ टेर्दैन्, कुकुर देखे केही पर जान्छन् गुलेलीसँग डराउँछन", लक्ष्मीदत्तले भन्नुभयो, "बथानमा आयो भने त कुकुरलाई पनि टेर्दैनन्।"

सिरुबारी र आसपासका क्षेत्रमा बाँदरआतङ्क अहिले किसानका लागि सबैभन्दा ठूलो समस्या बनेको छ । कतिपयले खेती गर्नै छोडेका छन्।

जैमिनी नगरपालिकाका सबै वडामा बाँदर आतङ्कले हैरान बनाएको छ । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बाँदरआतङ्कै कारण जैमिनीका केही बस्ती नै बसाइँसराइ गएको बताउनुहुन्छ।

# रेग्मी व्यावसायिक मौरीपालनमा

**पोखरापत्र संवाददाता**
वालिङ, २७ जेठ



मानिस सहर केन्द्रित हुँदै गएका बेला चापाकोट नगरपालिका-१० कालीडाँडाका ५६ वर्षका रोमकान्त रेग्मी भने आफ्नै पैतृक थलोमा फर्की व्यावसायिक मौरीपालनमा लाग्नुभएको छ। उहाँ झन्डै १९ वर्ष विदेश बस्नुभएको थियो।

उहाँले 'रेग्मी बहुउद्देश्यीय कृषि फर्म' दर्ता गरी मौरीपालन व्यवसाय सुरु गर्नुभएको छ । रेग्मीको फर्ममा १५० घार मौरी पुगेका छन् । रेग्मीले प्रतिगोला रु ८०० का दरले माहुरी बिक्री गर्नुहुन्छ।

यस वर्ष उहाँले रु आठ लाख आम्दानी गर्नुभएको छ । "मैले मौरीको गोलामात्रै प्रतिफ्रेम रु ८०० का दरले बिक्री गर्दै आएको छु", उहाँले भन्नुभयो, "ग्राहकले आफ्नै घार ल्याउनुहुन्छ, मैले उक्त घारमा पाँच फ्रेमका दरले मौरी उपलब्ध गराउँछु।" "मैले महभन्दा पनि मौरीका कीरा नै बिक्रीलाई प्राथमिकता दिएको छु", उहाँले भन्नुभयो, "एक वर्षमा झण्डै २०० भन्दाबढी घार बिक्री हुने गरेको छ।" उहाँले एक घारमा पाँच फ्रेम मौरी राखेर रु चार हजारमा बिक्री गर्दै आउनुभएको छ।

चापाकोट नगरपालिकाले रेग्मीलाई मौरीपालनका लागि रु एक लाख अनुदानसमेत उपलब्ध गराएको छ।

# छोरेपाटन मा.वि.मा खाना महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २७ जेठ



पोखरा १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयमा बुधबार खाना महोत्सव भएको छ।

विद्यार्थीलाई काम बारे जानकारी दिर्दै उद्यमशीलता प्रति अभिप्रेरित गर्ने उद्देश्यका साथ महोत्सव गरिएको हो।

गण्डकी प्रदेश स्थित सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिका शिक्षा महाशाखा तथा विद्यालयको आयोजनामा भएको महोत्सवमा हेल्वेटास अन्तर्गतको इन्सीयर परियोजनाको आर्थिक सहयोग रहयो । जसमा १० कक्षाका विद्यार्थी सहभागि भए भने उनीहरुले विभिन्न १२ समूहमा विभाजित भई मिष्टान्न परिकार पकाए र विद्यार्थी एवम् अभिभावकलाई चखाए । त्यस अवसरमा विद्यार्थीले चटपट, मःम, चाउमिन, सुक्का रोटी, पानीपुरी, आलुका विभिन्न परिकार, भुटेका तथा पोलेका मकै लगायतका खाध्य सामग्री पकाई विद्यालयको दिवा खाजा कार्यक्रमलाई प्रभावकारी समेत बनाएको सहजकर्ता शिक्षक गोपी बरालले जानकारी दिए।

कार्यक्रमसँगै विद्यार्थीको रचनात्मकता झल्कीएको तथा स्वादिष्ट स्वादले रोमाञ्चक दिनको अनुभूति गराएको प्रधानाध्यापक डिल्लीराम शर्माको भनाई छ । त्यस अवसरमा विद्यार्थी, पूर्व विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदाय पनि सहभागि भए । प्रति समूहलाई रु. ५ हजार बिउ पूँजीका रुपमा प्रदान पनि गरियो। महोत्सवमा शिक्षक गोपी बराल तथा लीला पराजुली सहजीकरण गरे । यसैबीच परियोजना अन्तर्गत विद्यालयले कक्षा १० र ८ का विद्यार्थीलाई पोखरा स्थित विभिन्न उद्योगको भ्रमण पनि गराएको छ । यसै शैक्षिक सत्रदेखि कक्षा ११ तर्फ होटल व्यवस्थापनको पढाइ संचालन हुन लागेको छोरेपाटन माविमा खाना महोत्सव गरिनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ।

कार्यक्रम खानाका परिकार बारेमा मात्र नभई सामुहिक भावनालाई बढावा दिर्दै विद्यार्थीका प्रतिभालाई पहिचान गर्ने उद्देश्यका साथ पनि आयोजना गरिएको सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले बताए।

# अचार बनाउने तालिमपछि उद्यमशील बन्दै महिला

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ जेठ

यहाँका महिलाहरूका लागि अचार अब केवल खानासँग स्वाद थप्ने परिकारमात्र रहेन, यो आयआर्जन, आत्मनिर्भरता र उद्यमशीलताको नयाँ माध्यम बन्न थालेको छ । वर्षौँदेखि घरघरमा बनाइँदै आएको अचारलाई व्यावसायिक रूपमा विकास गर्न थालेसँगै आयआर्जनको आधार बन्न थालेको हो ।



यसैबीच महिला उद्यमी सङ्घ नेपाल तनहुँले सञ्चालन गरेको अचार बनाउने तालिमले महिलाहरूमा थप उत्साह थपेको छ । हालै सम्पन्न तालिमपछि धेरै महिलाहरू आफ्नै व्यवसाय सुरु गर्ने योजनासहित भविष्यका सम्भावनाबारे सोच्न थालेका छन् । नेपाली समाजमा अचार बनाउने काम नयाँ होइन । घरायसी परम्पराअनुसार पुस्तौँदेखि अचार बनाउने गरिए पनि तालिमपछि सीपलाई व्यावसायिक रूपमा विकास गर्न तालिमले सहयोग पुगेको स्थानीय आरती खनालले बताउनुभयो । अचार बनाउने कामलाई पहिले सामान्य घरायसी जिम्मेवारीका रूपमा लिने गरे पनि तालिमपछि व्यावसायिक रूपमा विकास गर्ने योजना बनाएको उहाँको भनाइ छ ।

"पहिले अचार बनाउनु भनेको घरको कामजस्तो मात्रै लाग्थ्यो, तर अब यसलाई व्यवसायका रूपमा अघि बढाएर आम्दानी गर्न सकिन्छ भन्ने विश्वास बढेको छ । सीपलाई सही तरिकाले प्रयोग गर्नसके घरमै बसेर पनि आर्थिक रूपमा आत्मनिर्भर बन्न सकिन्छ भन्ने महसुस भएको छ", खनालले भन्नुभयो । आरतीजस्तै अन्य महिलाहरूले पनि परम्परागत सीपलाई व्यवसायमा रूपान्तरण गर्न सकिने सम्भावना देखेका छन् । तालिमले महिलाहरूलाई अचार बनाउने विधिमात्र नभई उत्पादनलाई बजारयोग्य बनाउने विभिन्न पक्षबारे पनि व्यावहारिक ज्ञान प्रदान गरेको छ । स्थानीय लीला प्रधान श्रेष्ठका अनुसार तालिमले उत्पादनको गुणस्तर कायम गर्ने, सरसफाइमा ध्यान दिने, आकर्षक प्याकेजिङ गर्ने तथा बजारको मागअनुसार उत्पादनलाई प्रस्तुत गर्ने तरिका सिकाएको छ । "पहिले सामान्य तरिकाले बनाइने अचारलाई हाल कसरी व्यावसायिक रूपमा तयार गर्ने भन्ने ज्ञान प्राप्त गभएको छ", उहाँले भन्नुभयो, "बजारमा प्रतिस्पर्धा गर्न उत्पादनको स्वादमात्र होइन, यसको प्रस्तुति र गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण रहेछ भन्ने बुझ्यौँ ।" स्थानीय कोपिला थापाले तालिमपछि आफ्नै क्षमतामाथि विश्वास गर्ने आधार बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "घरमा बसेर गरिने कामलाई आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने अनुभूति भएको छ । महिलाहरू आर्थिक रूपमा सक्षम भए परिवार र समाजमा उनीहरूको भूमिका अझ सशक्त बन्न सक्छ ।" स्थानीयस्तरमा उपलब्ध आँप, कागती, मूला, खुर्सानी, लसुन, अदुवा, टिम्मुरलगायत सामग्री प्रयोग गरेर विभिन्न प्रकारका अचार उत्पादन गर्न सकिन्छ । यसले स्थानीय कृषि उत्पादनको उपयोग बढाउनुका साथै मूल्य अभिवृद्धि गरेर अतिरिक्त आम्दानीको अवसर पनि सृजना गर्छ । उद्यमी सङ्घकी अध्यक्ष निर्मला मल्लले महिलाहरूले प्राप्त सीपलाई व्यवहारमा उतार्दै व्यवसायसँग जोड्नुपर्ने बताउनुभयो । घरासयी प्रयोगका लागि बनाइने अचारको व्यावसायिक उत्पादन गरे आम्दानीको स्रोत बन्ने देखिएपछि महिलाहरूलाई तालिम दिइएको उहाँले जानकारी दिनुभयो । प्रशिक्षक तुलसी शाहले सहभागीलाई विभिन्न प्रकारका अचार बनाउने विधि, सरसफाइका मापदण्ड, गुणस्तर नियन्त्रण, लेबलिङ तथा प्याकेजिङबारे प्रशिक्षण दिनुभएको थियो ।

# वृद्ध किसानका दुःख सातामा सातैदिन बाँदरको चौकीदारी

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ जेठ

बागलुङको जैमिनी नगरपालिका- १, कुश्मीसेरा सिरुबारीका ७९ वर्षीय लक्ष्मीदत्त पाध्याको दैनिकी बाँदरको चौकीदारीमा बित्ने गरेको छ ।

सिरुबारीको गैराबारी खेतमा उहाँको करिब सातमुरी मकै फल्ने जमिन छ । उक्त जमिनमा लगाएको मकै जोगाउन उहाँ बाँदरको चौकीदारी गर्नुहुन्छ । बाँदरले मकै मात्र होइन, अन्य बाली पनि नष्ट गर्ने गरेको छ । बाँदरको आतङ्कले खेतबारीमा लगाएको मकै जोगाउन उहाँ चार वर्षदेखि नियमित रूपमा बाँदरको चौकीदारी गर्दै आउनुभएको छ । उहाँ हरेक बिहान ५:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सडक छेउको छाप्रोमा कुकुर र गुलेलीसहित चौकीदारी गर्नुहुन्छ ।

"बाँदर आयो भने मलाइँ टेर्दैन्, कुकुर देखे केही पर जान्छन् गुलेलीसँग डराउँछन", लक्ष्मीदत्तले भन्नुभयो, "बथानमा आयो भने त कुकुरलाई पनि टेर्दैनन् ।" सिरुबारी र आसपासका क्षेत्रमा बाँदरआतङ्क अहिले किसानका लागि सबैभन्दा ठूलो समस्या बनेको छ । कतिपयले खेती गर्नै छोडेका छन् ।

जैमिनी नगरपालिकाका सबै वडामा बाँदर आतङ्कले हैरान बनाएको छ । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बाँदरआतङ्कै कारण जैमिनीका केही बस्ती नै बसाइँसराइ गएको बताउनुहुन्छ ।

# कर्जा भुक्तानी गर्न आउने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते (पोखरापत्र राष्ट्रिय दैनिक)
दोस्रो पटक प्रकाशित मिति २०८३/०२/०५ गते (पोखरापत्र राष्ट्रिय दैनिक)
तेस्रो पटक प्रकाशित मिति २०८३/०२/२८ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

तपसीलमा उल्लेखित तपाईँ ऋणी सदस्यले यस सहकारी संस्थाबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईंहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धितो जमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाइँले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गण्डकी प्रदेश सहकारी ऐन, २०७५ र गण्डकी प्रदेश सहकारी नियमावली, २०७६ एवम् प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरि लिइने छ ।

| ऋणीको नाम थर ठेगाना | जमानी बस्नेको नाम,थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|
| १. **नाम : सत्रुजित श्रेष्ठ**<br>बाबुको नाम : गोविन्द कुमार श्रेष्ठ<br>बाजेको नाम : राज कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा.-६<br>ना.प्र.नं. : १०९१८०<br>जारी मिति : २०५७-११-१९<br>जारी जिल्लाः कास्की | १) **नाम : कामना श्रेष्ठ**<br>पति : प्राणनाथ कायस्थ<br>ससुरा : भोलानाथ कायस्थ<br>ठेगाना : पोखरा म.न.पा.-८<br>ना.प्र.नं. : ४६१००१/१०८२७<br>जारी मितिः २०६६-१२-०२<br>जारी जिल्लाः कास्की<br>२) **नाम : प्राणनाथ कायस्थ**<br>बाबु : भोलानाथ कायस्थ<br>बाजे : बद्रीनाथ कयस्थ<br>ठेगाना : पोखरा म.न.पा.-८<br>ना.प्र.नं. : ९/१५९०<br>जारी मिति : २०५१-०८-२७<br>जारी जिल्लाः बारा | **गोविन्द कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा.-०६, स्थित नक्सा सिट नं. ०९३० ९५८०३ कि.न. २६० कुल क्षेत्रफल २६१.४० व.मी. को जग्गा । |
| २. **नाम : रनु कुमारी श्रेष्ठ**<br>पतिको नाम : सत्रुजित श्रेष्ठ<br>ससुराको नाम : गोविन्द कुमार श्रेष्ठ<br>ठेगाना : पोखरा म.न.पा.-६<br>ना.प्र.नं. : ४६३००३/७२६<br>जारी मिति : २०६३/१०/१९<br>जारी जिल्लाः कास्की | | |
| ३. **नाम : तिल कुमारी वि.क.**<br>पतिको नाम : आस बहादुर वि.क.<br>ससुराको नाम : दुर्गे वि.क.<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं. : १७३१५३<br>जारी मिति : २०६३-०७-०९<br>जारी जिल्लाः कास्की | १) **नाम : आस बहादुर वि.क.**<br>बाबु : दुर्गे वि.क.<br>बाजे : च्याप्टे कामी<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं. : ३२४१२<br>जारी मितिः २०५२-०२-११<br>जारी जिल्लाः कास्की<br>२) **नाम : राम वि.क.**<br>बाबु : आस बहादुर वि.क.<br>बाजे : दुर्गे वि.क.<br>ठेगाना : पोखरा म.न.पा.-१६<br>ना.प्र.नं.: ४६-०१-७७-०६५२१<br>जारी मिति : २०७७-१२-१९<br>जारी जिल्लाः कास्की | **तिल कुमारी बि.क.** को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक गर्लाङ छहरेपानी वडा नं. २ स्थित नक्सा सिट नं. ०९३०६८० कि.न. १८१७ कुल क्षेत्रफल ०-७-१-० (रोपनी)/२३०.४८ व.मी. को जग्गा एवं सो मा बनेको घर समेत र साविक बाटुलेचौर वडा नं. ७ स्थित नक्सा सिट नं. ०९३०७१९ कि.नं. ११६५ कुल क्षेत्रफल ०-३-२-३ (रोपनी)/११७.२४ व.मि. को जग्गा र सो मा बनेको घर समेत । |
| ४. **नाम : राजेश गौतम**<br>बाबुको नाम : हरि प्रसाद गौतम<br>बाजेको नाम : खिम लाल गौतम<br>ठेगाना : पोखरा १५<br>ना.प्र.नं. : ४१०६४<br>जारी मिति : २०५२-११-२०<br>जारी जिल्लाः कास्की | १) **नाम : सुस्मा गौतम**<br>पति : राजेश गौतम<br>ससुरा : हरि प्रसाद गौतम<br>ठेगाना : पोखरा १५, कास्की | **राजेश गौतम**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक ठुलास्वांरा वडा नं. १ स्थित नक्सा सिट नं. ०९४०८८८० कि.नं. ३५५ कुल क्षेत्रफल ०-५-२-३ (रोपनी) /१८०.८४ व.मी. को जग्गा र कि.नं. ३५८ कुल क्षेत्रफल २-८-०-१ (रोपनी)/१२७३.८४ व.मि. को जग्गा । |

**नोटः** यस संस्थाबाट ऋण लिई ऋणको साँवा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानि भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**

# वैदेशिक रोजगार त्यागेका युवालाई पशुपालनबाट सफलता

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ जेठ

म्याग्दीमा वैदेशिक रोजगारी त्यागेर पशुपालनमा लागेका युवाले रहरलाग्दो सफलता प्राप्त गर्नुभएको छ ।



बेनी नगरपालिका-७ कुरिलाखर्कका ४२ वर्षीय सुरेश ढुङ्गानाले गाईभैंसी पालनबाट आकर्षक कमाई गरी सफलता प्राप्त गर्नुभएको हो । करिब एकदशक लामो वैदेशिक रोजगार त्यागेर विसं २०७२ देखि पशुपालन सुरु गर्नुभएका ढुङ्गाना जिल्लामा गाईभैंसी धेरै पाल्ने सफल अगुवा कृषकका रूपमा परिचित हुनुहुन्छ ।

सुरुमा एक/एक वटा गाई र भैंसी खरिद गरेर 'ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म' सञ्चालनमा ल्याउनुभएका उहाँले अहिले दैनिक ३०० लिटर दूध बिक्री गर्दै आउनुभएको छ । उहाँको फार्ममा अहिले ४५ वटा माउसहित ५० वटा गाईभैंसी छन् । उहाँले दैनिक रूपमा करिब ३५ हजार बराबरको दूध बिक्री गर्दै आउनुभएको छ । ढुङ्गानाको फार्ममा उन्नत जातका मुर्रा भैंसी तथा होलस्टेन र जर्सी गाईपालन हुँदै आएको छ । "एकदशक बढी समय खाडी मुलुकमा पसिना बगाएँ, आफ्नै गाउँ फर्किएर पशुपालन र कृषिबाटै अघि बढ्ने लक्ष्यका साथ वैदेशिक रोजगारलाई बिट मारेको थिएँ, आज आफैँले सुरु गरेको कर्मबाट सफलता मिलेको छ, यो पेसाबाट खुसी र सन्तुष्टि छु", ढुङ्गानाले भन्नुभयो । पशुपालनबाट ढुङ्गानाले आफू स्वरोजगार र आत्मनिर्भर मात्रै बन्नुभएको छैन, अन्य पाँच जनालाई नियमित रूपमा रोजगारीको अवसर सिर्जना गर्नुभएको छ । उहाँको फार्ममा तीन जनाले आवासीय रूपमा नै रोजगारमा आबद्ध छन् भने अन्य दुई जना दैनिक रूपमा फार्ममा कामका लागि आउने गर्छन् । बिहान सबेरैदेखि राति अबेरसम्म फार्मका गाई भैंसीको घाँस, पानी र स्याहारमा खटिने ढुङ्गानाले अरुको देशमा पसिना बगाउनुभन्दा आफ्नै गाउँठाउँमा रहेका सम्भावनामा भविश्य खोज्नुपर्ने बताउनुहुन्छ । ढुङ्गानाको फार्ममा उत्पादन हुने दूध बेनी बजारकै धौलागिरि डेरी उद्योगमा खपत हुने गरेको छ । बेनी बजारदेखि नजिकको दूरीमा फार्म सञ्चालन भएकाले उहाँले मोटरसाइकलमै दूधका क्यान राखेर दूध ढुवानी गर्दै आउनुभएको छ । फार्ममा बिहान १:०० बजेदेखि र दिउँसो २:०० बजेसम्म गाईभैंसी दुहुन सुरु गर्ने र ४:०० बजेको समयभित्र उद्योगमा दूध ढुवानी गरी पुऱ्याउने समय तालिका छ । डेरी उद्योगले प्रतिलिटर १२० रुपैयाँमा दूध खरिद गर्दै आएको छ । दूध उत्पादन नियमित हुने र डेरी उद्योगले सहजै खरिद गर्ने भएकाले दूध बिक्रीका लागि थप बजारको खोजी गर्नुपर्ने बाध्यता रहेको छैन । कुरिलाखर्कमा आफ्नै पुर्ख्यौली जग्गामा फार्म सञ्चालन गर्नुभएका ढुङ्गानाले पशुपालनबाट भएको आम्दानीबाट थप जग्गा खरिद गरी फार्मको क्षमता बढाउनुभएको छ । उहाँको फार्ममा पूर्वाधार र गाईभैंसी खरिदमा अहिलेसम्म साढे दुई करोड बढी लगानी भइसकेको छ । जिल्लामै ठूलो र नमुना फार्मका रूपमा विकास भइरहेको यस फार्मको अवलोकनका लागि विभिन्न ठाउँबाट कृषक पुग्ने गरेका छन् । पशुपालनबाट सफलता प्राप्त गर्नुभएका युवा कृषक ढुङ्गानाले जिल्लास्तर र प्रदेशस्तरबाट विभिन्न पुरस्कार प्राप्त गरिसक्नुभएको छ ।

विसं २०८० मा 'ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म' गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट पुरस्कृत भएको थियो । व्यवस्थित र व्यावसायिक रुपमा पशुपालन गर्नुभएका ढुङ्गानाले स्थानीय, प्रदेश र सङ्घीय सरकार मातहतका कार्यालयबाट प्राप्त सहयोगले आफूलाई पशुपालन गर्न हौसला थपिएको बताउनुहुन्छ । फार्मबाट गाईभैंसीको गोबर मल बिक्री हुने गरेको छ । बेनी नगरपालिकाका सहायक पशु चिकित्सक प्रदीप गौतमले ढुङ्गाना कृषि तथा पशुपक्षी फार्म नगरपालिका र जिल्लामै उत्कृष्ट रहेको बताउनुभयो । उहाँले पशुपालक कृषकलाई नगरपालिकाबाट औषधि उपचारमा प्राविधिक सहयोगका साथै विगत तीन वर्षदेखि नगरपालिकाले उत्पादनमा आधारित अनुदानसमेत उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

# झुपडीमा बस्दै आएका मीमबहादुरलाई घर

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ जेठ

त्रिपालले छाएको र बारेको छाप्रोमा बस्दै आएका म्याग्दीको मङ्गला गाउँपालिका-१ हर्कपलेका एक विपन्न परिवारलाई गाउँपालिकाले घर निर्माण गरिदिएको छ ।



नागरिकतासमेत नभएका मीमबहादुर किसानको परिवारका लागि गाउँपालिकाले स्थानीय समुदायसँग समन्वय गरेर दुई कोठे घर निर्माण गरिदिएको हो । मङ्गला गाउँपालिका-१ का वडाध्यक्ष एकजित रोकाले सुरक्षित नागरिक आवास कार्यक्रममार्फत रु चार लाख बजेटबाट मीमबहादुरलाई घर बनाएर उपलब्ध गराएको जानकारी दिनुभयो ।

"गाउँपालिकाको बजेट र पैयुपाँटा टोलका युवा तथा अगुवाहरूको सक्रियतामा मीमबहादुर बस्ने घर निर्माण गरिदिएका हौँ", उहाँले भन्नुभयो, "यसअघि विसं २०८० असार १९ गते उहाँलाई प्रशासन कार्यालयबाट नागरिकता दिलाइएको थियो ।" ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका किसानका एक श्रीमती र तीन छोराछोरी छन् । उहाँहरू यसअघि त्रिपालमुनि कपडा र बोराले बारेको झुपडीमा बस्दै आउनुभएको थियो । "घर बनेपछि झरीमा पानी चुहिने र हावाहुरी लाग्दा त्रिपाल उडाउने झुपडीको असहज र असुरक्षित बसाइँको अन्त्य भएको छ", उहाँले भन्नुभयो, "हामीलाई घरमै सरकार आएको अनुभव भएको छ ।" घर बनाउने जग्गाजमिन भए पनि आर्थिक अभावका कारण निर्माण गर्न सक्नुभएको थिएन् ।